## बाह्रविसे नगरपालिका

# स्थानीय राजपत्र

बाह्रविसे नगरपालिकाद्वारा प्रकाशित

खण्डः ८    संख्याः २    मितिः २०८२/०९/२९

## भाग -१

# बाह्रविसे नगरपालिकाको विनियोजन ऐन, २०८२

## (संशोधन सहित)

# बाह्रविसे नगरपालिकाको विनियोजन ऐन, २०८२
# (संशोधन सहित)

नगर सभाबाट पारित गरेको मिति २०८२र०३र०८
नगर सभाबाट संशोधन पारित गरेको मिति २०८२र०९र२९

**प्रस्तावनाः-**

बाह्रविसे नगरपालिकाको आर्थिक बर्ष २०८२र०८३ को सेवा र कार्यहरुको सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न बाञ्छनीय भएकोले नेपालको संविधानको धारा २२९ को उप-धारा(२) बमोजिम बाह्रविसे नगरपालिकाको विनियोजन ऐन पारित गरिएको छ र

१.संक्षिप्त नाम र प्रारम्भ : (१) यस ऐनको नाम "**बाह्रविसे नगरपालिकाको विनियोजन ऐन, २०८२**" (संशोधन सहित) रहेको छ र
(२)(यो विधेयक नगरसभाबाट स्वीकृत भए लगतै ऐनको रुपमा लागु हुनेछ र

२.आर्थिक बर्ष २०८२र०८३ को निमित्त सञ्चित कोषबाट खर्च गर्ने अधिकार : (१) आर्थिक बर्ष २०८२र०८३ को निमित्त नगर कार्यपालिका, वडा समिति,विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची-१, मा उल्लिखित चालु खर्च, पुँजीगत खर्च र वित्तीय व्यवस्थाको रकम (शंसोधन सहित) समेत गरी जम्मा रु.६३,७५,३६,४०३र- अक्षरुपी त्रिसठी करोड पचहत्तर  लाख छत्तीस हजार चार सय तीन रुपैयाँ मात्र) मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिनेछ र

३.विनियोजन : (१) यस ऐनद्धारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक बर्ष २०८२र०८३ को निमित्त बाह्रविसे नगरपालिकाको नगर कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको

निमित्त विनियोजन गरिनेछ र

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि कार्यपालिका, वडा समिति, र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकम मध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा नगर कार्यपालिकाले बचत हुने शिर्षकबाट नपुग हुने शीर्षकमा रकमान्तर गर्न सक्नेछ र यसरी रकमान्तर गर्दा कुनै शिर्षकमा जम्मा विनियोजित रकमको २५% मा नबढ्ने गरी कुनै एक वा एक भन्दा वढी शीर्षकहरुबाट अर्को एक वा एक भन्दा वढी शीर्षकहरुमा रकमान्तर तथा निकासा गर्न र खर्च जनाउन सकिनेछ र पुँजीगत खर्च तर्फ विनियोजित रकम अन्य चालु खर्च शीर्षक तर्फ रकमान्तर गर्न र वित्तीय व्यवस्था तर्फ विनियोजित रकम सावाँ भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र रकमान्तर गर्न सकिने छैन र तर चालु खर्च तर्फ विनियोजित रकम पुँजीगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकमान्तर गर्न सकिनेछ र

३. उपदफा(२) मा जुनसुकै कुरा लेखिएको भएता पनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको २५% भन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा वढी शीर्षकमा रकमान्तर गर्नँ परेमा नगरसभाको स्वीकृति लिनु पर्ने छ र

## अनुसूची-१

(दफा २ सँग सम्वन्धित)

नेपालको संविधानको धारा २२९(२) बमोजिम

| क.स. | अनुदान संख्या | शीर्षकको नाम | चालु खर्च | पूँजीगत खर्च | जम्मा |
|---|---|---|---|---|---|
| १ | | नगरपालिका | ४४,८२,५८,२७६।- | १८,९२,७८,१२७।- | ६३,७५,३६,४०३।- |
| २ | जम्मा | | ४४,८२,५८,२७६।- | १८,९२,७८,१२७।- | ६३,७५,३६,४०३।- |

आज्ञाले,

गणेश नेपाली

प्रमुख प्रशासकीय अधिकृत